मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

# सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका
# २०७३

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
# सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका
# २०७३

**प्रस्तावना**

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ को उप-नियम २ मा व्यवस्था भए बमोजिम मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा संस्थापक समूह "क" र सर्बसाधारण समूह "ख" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नको लागि सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धी कार्यविधिलाई नियमबद्ध गर्न यो निर्वाचन सम्बन्धी निर्देशिका २०७३ लागू गरिएको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७३" रहेको छ ।

(ख) यो निर्देशिका मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिले निर्णय गरी लागू गरेको मितिबाट प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३ लाई जनाउने छ ।

(ख) "मेरो माइक्रोफाइनान्स" भन्नाले मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

(ग) "सञ्चालक समिति" भन्नाले मेरो माइक्रोफाइनान्सको सञ्चालक समिति सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष र वैकल्पिक सञ्चालक समेतलाई जनाउँछ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले सञ्चालक निर्वाचनको लागि सञ्चालक समितिद्वारा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "सहायक निर्वाचन अधिकृत" भन्नाले सञ्चालक निर्वाचनका लागि निर्वाचन अधिकृतद्वारा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले निर्वाचन कार्यको लागि खटिएका कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) "मतदाता" भन्नाले मेरो माइक्रोफाइनान्सको शेयरधनीलाई र निजहरुले रितपूर्वक मुकरर गरेको प्रतिनिधिलाई समेत सम्झनु पर्दछ ।

(ञ) "मतपत्र" भन्नाले अनुसूचीमा तोकिए बमोजिमको चुनावको लागि प्रयोग हुने मतपत्रलाई सम्झनु पर्दछ ।

(ट) "नियमावली" भन्नाले मेरो माइक्रोफाइनान्सको नियमावली (संशोधन समेतलाई) सम्झनु पर्दछ ।

(ठ) "प्रोक्सी" भन्नाले मेरो माइक्रोफाइनान्सको शेयरधनीले आफ्नो सट्टामा रितपूर्वक मुकरर गरेको प्रतिनिधिलाई सम्झनु पर्दछ ।

(ड) "शेयर" भन्नाले मेरो माइक्रोफाइनान्सको शेयर पूँजीको विभाजित अंश र स्टक समेतलाई सम्झनु पर्दछ ।

(ढ) "शेयरधनी" भन्नाले मेरो माइक्रोफाइनान्सको शेयरधनीहरुको दर्ता किताबमा नाम उल्लेख भएको शेयरधनीलाई सम्झनु पर्दछ ।

(ण) "कम्पनी सचिव" भन्नाले मेरो माइक्रोफाइनान्सको सञ्चालक समितिको कम्पनी सचिव भै काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) "मतदान केन्द्र" भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको ठाउँलाई सम्झनु पर्दछ ।

(थ) "अनुसूची" भन्नाले यस निर्देशिकामा उल्लिखित अनुसूचीलाई सम्झनु पर्दछ ।

(द) "साधारण सभा" भन्नाले मेरो माइक्रोफाइनान्सको शेयरधनीहरुको वार्षिक साधारण र विशेष सभा समेतलाई सम्झनु पर्दछ ।

(ध) "संरक्षक" भन्नाले मेरो माइक्रोफाइनान्सका नाबालक शेयरधनीको हकमा निजको संरक्षक भनी शेयरधनीको दर्ता किताबमा नाम उल्लेख भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(न) "मतदान अधिकृत" भन्नाले सञ्चालक निर्वाचनको लागि निर्वाचन अधिकृतद्वारा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(प) "निर्वाचन" भन्नाले यस निर्देशिका बमोजिम निर्वाचन हुने सञ्चालकको निर्वाचन सम्झनु पर्दछ ।

(फ) "उम्मेदवार" भन्नाले यस मेरो माइक्रोफाइनान्सको कम्तिमा १०० कित्ता सर्वसाधारण समूहको शेयर धारण गरी यस निर्देशिका बमोजिम सञ्चालकको निर्वाचनमा उम्मेदवारी दिएको व्यक्ति वा संस्थापक समूह "क" तर्फको प्रतिनिधि जसले सञ्चालकको लागि उम्मेदवारी दिएको छ निजलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## निर्वाचन सञ्चालक

### ३. मतदाता

(क) मेरो माइक्रोफाइनान्सको शेयरमा स्वामित्व भई मेरो माइक्रोफाइनान्सले माग गरेको शेयरको रकम चुक्ता गरेको शेयरधनी मतदाता हुनेछन् ।

(ख) संयुक्त नाममा शेयर खरीद गरिएको अवस्थामा खरीद गर्ने संयुक्त शेयरधनीहरुले आफु मध्ये मनोनित गरेको कुनै एकले मात्र आफै उपस्थित भई वा प्रतिनिधि मुकरर गरी निज मार्फत मताधिकार प्रयोग गर्न सक्नेछ ।

(ग) कुनै संस्था, गुठी, संगठित संस्था, कम्पनी वा नेपाल सरकारले संस्थाको शेयर खरीद गरेको अवस्थामा त्यस्ताको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले मतदान गर्न पाउने छ ।

(घ) प्रचलित कानूनले तोकेको ढाँचामा प्रोक्सी फारम (प्रतिनिधि पत्र) सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

यदी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी आफु स्वयं सभामा उपस्थित हुने भएमा सभामा शेयरधनी स्वयं उपस्थित हुन पाउने छ । त्यस्तोमा मुकरर गरिएको प्रतिनिधि पत्र स्वतः निष्क्रिय हुनेछ ।

(ङ) नाबालक शेयरधनीको तर्फबाट मेरो माइक्रोफाइनान्सको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउने छ ।

## ४. मतदाता नामावली हेर्न र सार्न दिने

मतदाताले अनुसूची २ बमोजिमको मतदाता नामावली हेर्न र सार्न चाहेमा विगार्न, केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनु पर्दछ ।

## ५. निर्वाचनको सूचना

सञ्चालक समितिको निर्णयानुसार निर्वाचन अधिकृतल. अनुसूची १ को ढाँचामा निर्वाचन कार्यक्रम प्रकाशित गर्नेछ ।

## ६. उम्मेदवारले दरखास्त दिने सूचना समेतको कार्यक्रम

(क) सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक शेयरधनीले निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र अनुसूची ३ को ढाँचामा उम्मेदवारको उम्मेदवारी दरखास्त भरी मेरो माइक्रोफाइनान्सको शेयरधनी मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत गराई निर्वाचन अधिकृतको कार्यालय, मुकाम, मेरो माइक्रोफाइनान्सको केन्द्रीय कार्यालयमा पठाउनु पर्दछ । यसरी दरखास्त पठाउदा दरखास्तसाथ सञ्चालक पदको उम्मेदवारीको लागि दस्तुर (फिर्ता नहुने गरी) वापत रु. ५,०००/- (अक्षरेपी पाँच हजार मात्र ) अनिवार्य रुपमा बुझाउनु पर्दछ ।

(ख) उम्मेदवारहरुले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचनको सूचनामा उल्लिखित समय भित्र दरखास्त दिई फिर्ता लिनु पर्नेछ ।

(ग) अध्यक्षले अनुमति दिएमा (ख) मा उल्लिखित अवधि पछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

## ७. उम्मेदवारको योग्यता

मेरो माइक्रोफाइनान्सले शेयरधनीसँग माग गरेको शेयर रकम चुक्ता गरेको र कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशन एवं परिपत्रद्वारा अयोग्य नभएको र बैंक नियमावली अनुसार सञ्चालक हुन योग्य रहेको मेरो माइक्रोफाइनान्सको शेयरधनी मात्र उम्मेदवार हुन पाउनेछ । राजिनामा दिएको कर्मचारीको हकमा राजिनामा दिएको १ बर्षसम्म उम्मेदवार हुन पाउन सक्ने छैन ।

## ८. उम्मेदवारको दरखास्त रद्द हुने

(क) उम्मेदवारले माग गरेको शेयर रकम चुक्ता नगरेको भएमा,
(ख) प्रस्तावक र समर्थकले मेरो माइक्रोफाइनान्सले माग गरेको शेयर रकम चुक्ता नगरेको भएमा,
(ग) निर्देशिका ७ अनुसार योग्य नभएको कारण देखाई सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणित भएमा,

## ९. निर्वाचन अधिकृतको नियुक्ति

९ (क) साधारण सभाद्वारा मतदान गराई सञ्चालक नियुक्त गर्न मेरो माइक्रोफाइनान्सको प्रबन्धपत्र, नियमावली, र यस निर्देशिकाको अधिनमा रहने गरी चुनाव गराउने कार्यको निमित्त सञ्चालक समितिले कुनै एक निष्पक्ष व्यक्तिलाई निर्वाचन अधिकृतको रुपमा देहाय बमोजिम काम कर्तव्य र अधिकार प्रदान गरी नियुक्त गर्नेछ ।
(अ) निर्वाचन कार्यक्रम प्रकाशित गर्ने ।
(आ) उम्मेदवारको दरखास्त जाँच गर्ने ।
(इ) उम्मेदवारको नामावली प्रकाशित गर्ने ।
(ई) दावी विरोध उपर छानविन गरी निर्णय दिने ।
(उ) मतदान समय तोक्ने ।
(ऊ) मतपत्रमा दस्तखत गर्ने ।
(ए) मतपत्र रद्द गर्ने ।
(ऐ) मतपत्र गन्ती गर्ने ।
(ओ) परिणाम घोषणा गर्ने ।
(औ) निर्वाचन अधिकृतले गर्ने भनी यस निर्देशिकामा उल्लिखित अन्य कार्य गर्ने ।

९ (ख) निर्वाचन अधिकृतको पारिश्रमिक तथा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।
९ (ग) निर्वाचनको लागि आवश्यक पर्ने प्रशासनिक सहयोग तथा सुरक्षा व्यवस्थाको प्रबन्ध मेरो माइक्रोफाइनान्स आफैले गर्नु पर्नेछ ।
९ (घ) निर्वाचन अधिकृतले निर्वाचन गराउनका लागि अन्य आवश्यक कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ ।

## १०. उम्मेदवारको नामावली प्रकाशन

तोकिएको समय भित्र दर्ता भएका दरखास्तहरुको जाँचबुझ गरी अनुसूची ४ को ढाँचामा उम्मेदवारहरुको प्रथम नामावली मेरो माइक्रोफाइनान्सको सूचना पाटीमा टाँस गर्नुपर्दछ ।

## ११. उम्मेदवारको दावी विरोध

(क) निर्देशिका १० बमोजिम प्रकाशित उम्मेदवारको उम्मेदवारीको लागि योग्यता पुगेको छैन भनी उम्मेदवार वा शेयरधनीले अनुसूची १३ को ढाँचामा दावी विरोध गर्न सक्नेछ ।
(ख) दावी विरोध परेमा सम्बन्धित उम्मेदवारलाई सफाईको मौका दिई छानविन गरी निर्वाचन अधिकृतले निर्णय दिनु पर्दछ । निजको निर्णय नै अन्तिम मानिने छ ।

## १२. नाम फिर्ता लिने

सञ्चालक पदमा उम्मेदवार हुनको लागि दरखास्त दिने व्यक्तिले आफैं उपस्थित भई वा प्रतिनिधिद्वारा आफ्नो नाम फिर्ता लिन चाहेमा अनुसूची ५ बमोजिम दरखास्त दिएमा निर्वाचन अधिकृतले निजको नाम लगतबाट कट्टा गरी दिनु पर्दछ ।

## १३. निर्विरोध घोषित गर्ने

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा बढी नभएमा उम्मेदवारी दर्ता गर्ने उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी निर्वाचन अधिकृतले घोषणा गर्नेछ ।

## १४. उम्मेदवारको अन्तिम नामावली प्रकाशन

दावी विरोध माथि निर्णय भएपछि र नामावली फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लिखित म्यादमा उम्मेदवारको अन्तिम नामावली अनुसूची ६ को ढाँचामा निर्वाचन अधिकृतको कार्यालय, मुकाम, मेरो माइक्रोफाइनान्सको केन्द्रीय कार्यालयमा प्रकाशित गरिनेछ ।

## १५. वारेस राख्न पाउने

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा अनुसूची ७ को ढाँचामा वारेस राख्न पाउनेछ ।
(ख) प्रत्येक उम्मेदवार मतदान केन्द्र मतगणना हुने ठाउँमा आफै नबस्ने भएमा मात्र १ जनासम्म वारेस राख्न पाउनेछ ।

## १६. मतपत्र

अनुसूची ८ मा उल्लिखित ढाँचा बमोजिमको मतपत्र हुनेछ ।

## १७. मतदान

(क) एकजना शेयरधनीले जति शेयर लिएको छ उति शेयर बराबरको मत दिन पाउने छ ।
(ख) मतदाताले मतदान गर्न पाउने मतहरु एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई विभाजन हुने गरी मतदान गर्न पाउने छ ।
(ग) एक प्रतिनिधिले प्रतिनिधिपत्र (प्रोक्सी) द्वारा मतदान गर्दा कूल शेयरको १५ प्रतिशतसम्म मात्र मतदान गर्न पाउने छ । उक्त १५ प्रतिशत भन्दा बढी प्रोक्सी ल्याएको भएमा पनि निजले मतदान गर्दा सो १५ प्रतिशत भन्दा बढी मत दिन पाउने गरी मतपत्र उपलव्ध गराइने छैन ।
(घ) मतदाताको नामावलीको रुजु गरी रेजा (✓) चिन्ह लगाई जम्मा दिनुपर्ने जति मतपत्र दस्तखत गराई मतदातालाई दिइनेछ ।
(ङ) एक पटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिइने छ ।
(च) मतदान समय भित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइनेछ ।

(छ) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं सभामा उपस्थिति भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

(ज) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि/प्रतिनिधिहरु बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि/प्रतिनिधिहरु (प्रोक्सी) बदर भएको मानिनेछ ।

(झ) प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा उक्त प्रोक्सी स्वतः बदर गरिनेछ ।

(ञ) प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ ।

(ट) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो कायम शेयर संख्या उल्लेख नभएमा तथा कायम शेयर संख्या भन्दा बढी उल्लेख भएमा प्रोक्सी बदर गरिनेछ तर कायम शेयर संख्या भन्दा कम उल्लेख भएमा प्रोक्सीमा उल्लेख गरिएको शेयर संख्यालाई मात्र मान्यता दिइनेछ ।

(ठ) शेयर संख्यामा कुनै किसिमको केरमेट भएको र टिपेक्स लगाएको प्रोक्सी बदर हुनेछ ।

(ड) कम्पनी ऐन, २०६३ मा तोकेको ढाँचा भन्दा फरक प्रोक्सी फारम बदर हुनेछन् ।

## १८. प्रवेश निषेध

(क) मतदान केन्द्रमा उम्मेदवार वारेस, सम्बन्धित कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिइने छैन ।

(ख) मतदानको लागि तोकिएको समय समाप्त भएपछि केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिने छ ।

(ग) शारीरिक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

## १९.. मतदान स्थगित

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) काबु बाहिरको परिस्थिति पर्न गई निर्वाचन अधिकृतले मतदान स्थगित गराउन बान्छनीय ठानी सो को लागि सञ्चालक समितिको अध्यक्षसँग अनुमति माग गरेमा अध्यक्षले त्यस्तो अनुमति दिन सक्नेछ ।

(ग) माथि उल्लेख भए बमोजिम अध्यक्षज्यूको अनुमति लिई निर्वाचन अधिकृतले मतदान स्थगित गराउन सक्नेछ ।

## २०. मतदान सकिएपछि सिलबन्दी गर्ने

मतदान सकिएपछि बाँकी रहेको मतपत्र प्रयोग भएको मतदाता नामावली खाममा बन्द गरी निर्वाचन अधिकृतले लाहाछाप लगाउनु पर्दछ र वितरीत मतपत्रको संख्या समेत खाम बाहिर खुलाउनु पर्दछ ।

## २१. मतपेटिका

(क) मतदान केन्द्रमा आवश्यकता अनुसार मतपेटिका राखिनेछ ।
(ख) मतदान सकिना साथ यथाशीघ्र निर्वाचन अधिकृतले मतपेटिका मत गन्ती गर्ने कोठामा लग्नु पर्दछ ।
(ग) मतपेटिका साथ उम्मेदवार वा वारेस आउन चाहेमा आउन दिनुपर्दछ ।

## २२. मतगणना

(क) तोकिएको ठाउँमा मतपेटिका पुऱ्याएपछि अनुसूची ९ बमोजिम मुचुल्का खडा गरी निर्वाचन अधिकृतले यथासम्भव छिटो मतगणना शुरु गर्नुपर्दछ ।
(ख) मतगणना कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको वारेस बाहेक अन्यलाई प्रवेश निषेध गरिने छ ।
(ग) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको दस्तखत हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृतको मात्र दस्तखत भए पुग्ने छ ।
(घ) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाई बन्द गर्नु पर्दछ ।
(ङ) प्रत्येक उम्मेदवारले पाएको सदर मतको गणना अनुसूची १० मा उल्लिखित तरिकाले गर्नुपर्दछ ।
(च) मतगणना गर्दा निम्नलिखित मतपत्रहरु बदर हुने भएकाले त्यस्ता मतपत्रहरु छुट्याउनु पर्दछ ।
   (१) निर्वाचन अधिकृतको दस्तखत नभएको ।
   (२) मत संकेत नबुझिने गरी च्यातिएमा, प्वाल पारेमा र केरमेट वा फोहर मैला भएमा ।
   (३) मतदान नगर्ने भनी निर्वाचन अधिृकतलाई फिर्ता दिइएको मतपत्र ।
   (४) मतपत्र जाली भएमा ।
   (५) मत संकेत बाहेक अन्य संकेत भएमा ।
(छ) मत गन्तीको काम लगातार जारी राख्नु पर्दछ । उक्त काममा बाधा विरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले बाहिर निकाल्न सक्नेछ ।
(ज) मत बराबर भएमा गोलाहाली निर्णय गर्ने ।
   (१) उम्मेदवारले मत बराबर पाई निर्वाचित हुन नसक्ने स्थिति आएमा गोलाहाली निर्णय गर्नु पर्दछ ।
   (२) गोलाबाट निर्वाचित बहुमतद्वारा निर्वाचित भए सरह मानिने छ ।
(झ) मतगणनाको कार्य सकिएपछि अनुसूची ११ मा तोकिएको ढाँचामा खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मत समेत उल्लेख गरी उम्मेदवार र वारेसको दस्तखत गराई विवरण तयार गर्नुपर्दछ । यदि दस्तखत हुन नसकेमा निर्वाचन अधिकृतको मात्र दस्तखत

भए पुग्नेछ र अनुसूची १२ को ढाँचामा विजयी उम्मेदवारको घोषणा निर्वाचन अधिकृतले गर्नु पर्दछ ।

**२३. अधिकार प्रत्यायोजन**

यस निर्देशिका बमोजिम निर्वाचन अधिकृतलाई प्राप्त अख्तियारी समानान्तर रुपमा प्रयोग नहुने गरी सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत लगायत निर्वाचन कार्यमा खटिने कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ तर निर्वाचन अधिकृतले अख्तियारी प्रत्यायोजन गरेको कारणबाट निर्वाचन अधिकृत आफैले यस निर्देशिका बमोजिमको काम कारवाही गर्न कुनै बाधा पर्ने छैन ।

**२४. निर्देशिकाको व्याख्या गर्ने अधिकार**

यस निर्देशिकाको व्याख्या गर्ने अधिकार निर्वाचन अधिकृतलाई हुनेछ ।

**२५. निर्देशिकाको संशोधन**

यस निर्देशिकाको संशोधन गर्ने, थपघट गर्ने अधिकार मेरो माइक्रोफाइनान्सको सञ्चालक समितिलाई मात्र हुनेछ ।

**२६. कर्मचारी नियुक्ति गर्ने अधिकार**

सञ्चालक समितिको सामान्य अधिनमा रही निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गर्न कर्मचारी राख्न सक्नेछ । निर्वाचन अधिकृतले मेरो माइक्रोफाइनान्सको व्यवस्थापनसँग कर्मचारीको सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग प्रदान गर्नु संस्था व्यवस्थापनको दायित्व हुनेछ ।

**२७. सम्पर्क**

निर्वाचन अधिकृतले सञ्चालक समितिसँग सम्पर्क राख्दा कम्पनी सचिव मार्फत राख्नु पर्नेछ ।

२८. यस निर्देशिकामा उल्लेख नभएका कुराहरु मेरो माइक्रोफाइनान्सको सञ्चालक समितिले निर्णय गरी लागू गरे बमोजिम हुनेछ ।

## अनुसूची-१

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# निर्वाचन अधिकृतको कार्यालय
# बिदुर-४, बट्टार, नुवाकोट

## निर्वाचन कार्यक्रमको सूचना

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि निम्नलिखित बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| २ | मतदाता नामावलीमा दावी विरोध गर्ने | | | | | | |
| ३ | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | | | |
| ५ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरुको सूची प्रकाशित गर्ने | | | | | | |
| ६ | उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने | | | | | | |
| ७ | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने | | | | | | |
| ८ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | | | | |
| १० | मतदान गर्ने, मतगणना गर्ने र परिणाम घोषणा गर्ने | | | | | | |

दस्तखत : ..............................................
निर्वाचन अधिकृत
मिति : ..................................................

# निर्वाचन सम्बन्धी सामान्य जानकारी

१. सञ्चालक समितिको निर्णय अनुसार मतदान केन्द्रको स्थापना ……………………मा हुने छ । सञ्चालक निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, मेरो माइक्रोफाइनान्सको नियमावली तथा सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

२. सञ्चालक पदको कुनै उम्मेदवार कालोसूचीमा परी फकुवा भएको भए वा अन्य कुनै कारणले सञ्चालक पदबाट निलम्बित वा सञ्चालक हुन अयोग्य रही सो फकुवा भएको भए सम्बन्धित निकायको फुकुवा पत्र स्वयंले प्रतिलिपि प्रमाणित गरी आफ्नो मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

३. सञ्चालक पदमा उम्मेदवारको मनोनयन पत्रको ढाँचा/मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय (मेरो माइक्रोफाइनान्सको कर्पोरेट कार्यालय) बाट प्राप्त गर्न सकिने छ ।

४. सञ्चालक पदमा उम्मेदवारी दिँदा मेरो माइक्रोफाइनान्सको सञ्चालक निर्वाचन निर्देशिका, २०७३ अनुसार मेरो माइक्रोफाइनान्सको जुन शेयरधनी समूहबाट उम्मेदवारी गराउने हो सोही शेयरधनी समूहको शेयरधनी मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको सही गराई दरखास्त बुझाउनु पर्ने छ ।

५. साधारण सभा स्थलमा निर्वाचन प्रक्रिया (मतदान विधि, मतदानका लागि तोकिएको समय, मत गणना आदि) सम्बन्धमा थप जानकारी गराउन सक्नेछ ।

६. साधारण सभामा उपस्थिति हुने शेयरधनीहरुले सभा हुने दिन वार्षिक प्रतिवेदनमा संलग्न प्रवेशपत्र वा परिचय खुल्ने कागज साथमा लिई आउनु पर्ने छ । प्रवेश पत्र प्राप्त नभएका शेयरधनीहरुले मेरो माइक्रोफाइनान्सको कर्पोरेट कार्यालयबाट प्रवेश पत्र प्राप्त गर्न सक्नु हुनेछ ।

७. प्रोक्सी फाराम (प्रतिनिधि नियुक्ति पत्र) सभा सुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै मेरो माइक्रोफाइनान्सको कर्पोरेट कार्यालयमा कारोबार समय भित्र दर्ता गरिसक्नु पर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि वदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा सुरु हुने भनी तोकिएको समयभन्दा ४८ घण्टा अगावै मेरो माइक्रोफाइनान्सको कर्पोरेट कार्यालयमा कारोबार समय भित्र दर्ता गरेमा वा आफु स्वयंम साधारण सभामा विधिवत उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी फाराम स्वतः वदर हुनेछ ।

८. नावालक शेयरधनीको तर्फबाट मेरो माइक्रोफाइनान्सको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउनेछ । तर कुनै प्रतिनिधिले ल्याएको प्रोक्सी मतको गणना गर्दा सर्वसाधारणलाई बिक्री गरिएको कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी गणना गरिने छैन ।

सही ……………………….

निर्वाचन अधिकृत

मिति : …………………

अनुसूची २

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# निर्वाचन अधिकृतको कार्यालय
# बिदुर-४, बट्टार, नुवाकोट

## मतदाता नामावली

| क्र. सं. | नाम, थर, वतन | शेयर संख्या | शेयर नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |

दस्तखत :..............................
निर्वाचन अधिकृत :
मिति : ...............................

## अनुसूची ३

## उम्मेदवारको मनोनयन पत्र
**(प्रस्तावकले भर्ने)**

श्री निर्वाचन अधिकृतज्यू,
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
बिदुर-४, बट्टार, नुवाकोट ।

महोदय,

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि श्री ............................................... लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण देहाय बमोजिम छ ।

१. नाम थर ............................................................... उमेर ........................
ठेगाना.................................................................. लिङ्ग .........................

२. पिता/पतिको नाम थर ...........................................................................................
३. मतदाता नामावलीमा क्र. सं. ................. मतदाता नामावलीमा मेरो नाम समावेश भएको छ र तत्सम्बन्धी विवरण निम्न बमोजिम छ ।
१. नाम/थर .................................................................. ठेगाना ......................................
२. मतदाता नामावलीमा क्र. सं. .......................................

मिति :

..........................................
प्रस्तावकको दस्तखत
नाम : ................................

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री ..................................................................... ले माथि उल्लेख गरे बमोजिम मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि श्री ...................................................... लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु ।

१.नाम/थर........................................................... ठेगाना ...........................................
२.मतदाता नामावलीमा क्र. सं ...................................

मिति :

.............................................
समर्थक

**(उम्मेदवारले भर्ने)**

मलाई श्री ............................................................... ले प्रस्ताव गरी उम्मेदवार मनोनयन गरे बमोजिम मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि उम्मेदवार हुन मञ्जुर छ। साथै प्रचलित नेपाल कानूनद्वारा सञ्चालक पदमा उम्मेदवार हुन म योग्य छु, कदाचित सो बमोजिमको योग्यता नपुगेको देखिएमा यसैलाई आधार मानी मेरो उम्मेदवारी बदर भएमा मलाई मन्जुर छ।

दस्तखत ..................................................
उम्मेदवारको नाम : ..................................
मिति : ....................................................

**(निर्वाचन अधिकृतले भर्ने)**

यो मनोनय पत्र मिति ............................... को दिनको ............... बजे उम्मेदवार र उम्मेदवारको वारेस श्री ............................................................ ले मेरो समक्ष दाखिल गरेको हो।

दस्तखत ................................
निर्वाचन अधिकृत
मितिः ...................................

अनुसूची ४

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# निर्वाचन अधिकृतको कार्यालय
# बिदुर-४, बट्टार, नुवाकोट

## उम्मेदवारको नामावली

समूह "क" का शेयर धनीहरुको तर्फबाट उम्मेदवारको प्रथम नामावली

| क्र.सं. | मनोनयन | उम्मेदवारको विवरण | | | | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | पिता/पतिको | उमेर | लिङ्ग | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

समूह "ख" का शेयर धनीहरुको तर्फबाट उम्मेदवारको प्रथम नामावली

| क्र.सं. | मनोनयन | उम्मेदवारको विवरण | | | | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | पिता/पतिको | उमेर | लिङ्ग | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मिति : ..................................................　　　　दस्तखत..............................................

समय : ..................................................　　　　निर्वाचन अधिकृत

## अनुसूची ५

## उम्मेदवारीबाट नाम फिर्ता लिएको सूचना

श्री निर्वाचन अधिकृत ज्यू,
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
बिदुर-४, बट्टार, नुवाकोट ।

महोदय,

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सूमह (    ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिल गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले उम्मेदवारी फिर्ता लिन यो निवेदन पेश गरेको छु ।

मिति : ..............................

दस्तखत : ...................................
नाम : .......................................
ठेगाना : .....................................

**(निर्वाचन अधिकृतले भर्ने)**

यो सूचना मिति ................... का दिनको ...................... बजे म समक्ष दाखिल भएको हो ।

दस्तखत : ...........................
निर्वाचन अधिकृत

## निर्णय

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोरामा सत्यता भएको/नभएकोले श्री .............................................. को नाम उम्मेदवारीबाट हटाउने/नहटाउने निर्णय गरे ।

मिति : ...............................
समय : ...............................

दस्तखत : ...........................
निर्वाचन अधिकृत

**अनुसूची ६**

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
### बिदुर-४, बट्टार, नुवाकोट ।

## उम्मेदवारको अन्तिम नामावली

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (    ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ ।

समूह “क” का शेयर धनीहरुको तर्फबाट उम्मेदवारको प्रथम नामावली

| क्र.सं. | नाम थर | पिता/पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

समूह “ख” का शेयर धनीहरुको तर्फबाट उम्मेदवारको प्रथम नामावली

| क्र.सं. | नाम थर | पिता/पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मिति : ......................................
समय : .....................................

दस्तखत : ...........................
निर्वाचन अधिकृत

**अनुसूची ७**

**<u>वारेसनामा</u>**

श्री निर्वाचन अधिकृत ज्यू,
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
बिदुर-४, बट्टार, नुवाकोट ।

महोदय,

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (     ) का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पद २ (दुई) को निर्वाचनको लागि उम्मेदवारी दर्ता गर्न, उम्मेदवारी फिर्ता लिन मतदान र मतगणना प्रतिनिधिको रुपमा श्री .................................................................................................. लाई वारेस मुकरर गरेको छु । निजले गरेको काममा मेरो मञ्जुरी छ ।

मिति : .............................

दस्तखत : ...................................
नाम, थर : ...................................
ठेगाना : ......................................

उपरोक्त बमोजिम वारेस बस्न मेरो मन्जुरी छ ।

मिति : ...............................

दस्तखत : .....................................
नाम : .........................................
ठेगाना : ......................................

उपरोक्त बमोजिमको वारेसनामा मेरो समक्ष दाखिल भएको हो ।

मिति : ..........................................
समय : ..........................................

दस्तखत : ............................
निर्वाचन अधिकृत

**अनुसूची ८**

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
**बिदुर-४, बट्टार, नुवाकोट ।**

**<u>मतपत्रको नमूना</u>**

**मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**
**..................वार्षिक साधारण सभा**
**निर्वाचन मतपत्र**

**मत संख्या : ............(........................)**

आफुले छानेको उम्मेदवारको कोष्ठमा (✓) चिन्ह लगाउने ।

**उम्मेदवारहरुको नामावली**

| क्र.सं. | उम्मेदवारको नाम थर | समूह | चिन्ह लगाउने कोठा |
|---|---|---|---|
| १. | .................................................. | (..........) | |
| २. | .................................................. | (...........) | |
| ३. | .................................................. | (...........) | |
| ४. | .................................................. | (...........) | |
| ५. | .................................................. | (..........) | |
| ६. | .................................................. | (..........) | |
| ७. | .................................................. | (..........) | |

दस्तखत..................................
निर्वाचन अधिकृत

**अनुसूची ९**

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
**बिदुर-४, बट्टार, नुवाकोट ।**

**<u>मतगणना शुरु भएको मुचुल्का</u>**

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (    ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा प्रयोग भएका मतपेटिकाहरु प्राप्त भैसकेकाले मतगणना आज मिति ..................................... को दिन ................ बजे हामी तपसिलका मानिसहरुका रोहवरमा मतगणना भएको ठीक साँचो हो ।

**तपसिल** **दस्तखत**

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ......................................................
२. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ......................................................
३. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ......................................................
४. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ......................................................

मिति : ....................................
समय : ....................................
स्थान : ....................................

दस्तखत : ............................
निर्वाचन अधिकृत

## अनुसूची १०

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
### बिदुर-४, बट्टार, नुवाकोट ।

## सञ्चालक निर्वाचनको मतगणना फारम

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (   ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि भएको मतको गणना देहाय बमोजिम छ ।

कूल मतदाता संख्या : ......................... कूल मतदान संख्या : ........................
कूल सदर मत संख्या : ......................... कूल बदर मत संख्या : ......................

| क्र.सं. | उम्मेदवारको नाम | प्राप्त सदर मत (ठाडो धर्सोमा) | जम्मा प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मतगणना गर्ने कर्मचारीको नाम दस्तखत

१. ......................................
२. ......................................
३. ......................................

## अनुसूची ११

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
### बिदुर-४, बट्टार, नुवाकोट ।

## मतगणना समाप्त भएको मुचुल्का

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (  ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनको मतगणना मिति ............................. देखि शुरु भई आज मिति ........................... दिनको ............ बजे समाप्त भएको ठीक साँचो हो, सो मतगणना भए अनुसार मतदान भएको जम्मा .......... मत मध्ये ................... मत बदर र ................. मत सदर भएको र सदर मत मध्ये उम्मेदवारहरुले निम्नलिखित बमोजिम सदर मत पाएको ठीक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**तपसिल** **दस्तखत**

१. उम्मेदवार वा प्रतिनिधि श्री ..................................................

२. उम्मेदवार वा प्रतिनिधि श्री ..................................................

३. उम्मेदवार वा प्रतिनिधि श्री ..................................................

मिति : ......................................
समय : .....................................
स्थान : .....................................

दस्तखत :.......................
निर्वाचन अधिकृत :

**अनुसूची १२**

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
**बिदुर-४, बट्टार, नुवाकोट ।**

## निर्वाचन परिणामको घोषणा

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (      ) का शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा देहायका उम्मेदवारहरुले देहायको मत प्राप्त गर्नु भएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

उपरोक्त परिणाम अनुसार श्री ........................................................ ले सबभन्दा बढी मत प्राप्त गर्नु भएकोले सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

मिति : .......................
समय : .......................
स्थान : ......................

दस्तखत : ...............................
निर्वाचन अधिकृत

## अनुसूची १३

श्री निर्वाचन अधिकृत ज्यू,
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
बिदुर-४, बट्टार, नुवाकोट ।

महोदय,

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समूह (      ) का शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुनको लागि दर्ता नं. .............. मा मनोनयन पत्र दर्ता भएका श्री ............................................................ निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु ।

### उजुरीको कारण

मिति : ..................................
समय : ..................................

दस्तखत : ...................................
नाम : ........................................
ठेगाना : .....................................

उम्मेदवार र उम्मेदवारको वारेस र शेयर होल्डर

### (निर्वाचन अधिकृतले भर्ने)

यो उजुरी मिति ............................ को दिन ............ बजे मनोनित उम्मेदवार र मनोनित उम्मेदवारको वारेस र शेयरहोल्डर श्री ..................................................................... ले मेरो समक्ष दाखिल गरेको हो ।

दस्तखत : ....................................
निर्वाचन अधिकृत

### निर्णय

मैले नियमानुसार यो उजुरी उपर जाँच गरे र निम्न लिखित बमोजिम निर्णय गरे ।

### निर्णयको संक्षिप्त व्यहोरा

..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................

मिति : ............................
समय : ............................

दस्तखत : ..................
निर्वाचन अधिकृत

# अनुसूची १४

## मतदान शुरु हुनु अघि मतपेटिका बन्द गरेको
## मुचुल्का

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक पदको निर्वाचनमा मतदानको लागि ..................... वटा मतपेटिकाहरु हामी तपलिका मानिसहरुको रोहवरमा रीतपूर्वक बिर्को बन्द गरी मतपत्र खसाल्ने ठाउँ मात्र खुल्ला राखी .......................... चिन्ह भएको लाहाछाप लागेको ठीक साँचो हो ।

**<u>तपसिल</u>**

१. श्री ......................................... वा निजको प्रतिनिधि श्री ....................................
२. श्री ......................................... वा निजको प्रतिनिधि श्री ....................................
३. श्री ......................................... वा निजको प्रतिनिधि श्री ....................................
४. श्री ......................................... वा निजको प्रतिनिधि श्री ....................................
५. श्री ......................................... वा निजको प्रतिनिधि श्री ....................................

मिति : ......................................................
समय : .....................................................

.......................................
निर्वाचन अधिकृत

# अनुसूची १५

श्री कम्पनी सचिव,
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
बिदुर-४, बट्टार, नुवाकोट ।

विषय : **बर बुझारथ गरेको बारे ।**

उपरोक्त सम्बन्धमा मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको ............. वार्षिक साधारण सभामा त्यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ........ जना सञ्चालकको निर्वाचन सम्पन्न गर्नका लागि मलाई निर्वाचन अधिकृत तोके अनुसार मैले त्यस सम्बन्धी सम्पूर्ण कार्य गर्दै आज निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यहरु समाप्त भएकाले निर्वाचनको प्रयोजनका लागि तयार भएका तथा सो निर्वाचनमा प्रयोग गरिएका सम्पूर्ण सक्कल लिखत, कागजातहरु समेत तपाईको जिम्मामा रहने गरी आजका मितिमा बर बुझारथ गरेको छु ।

निर्वाचन अधिकृत

माथि उल्लेख भए बमोजिमका
सम्पूर्ण लिखत कागजात मैले
बुझिलिएको ठीक साँचो हो ।

दस्तखत ...............................
कम्पनी सचिव
मिति : .................................

# अनुसूची १६

## मतपेटिकाको प्वाल बन्द गरेको
## मुचुल्का

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको सञ्चालक पदको निर्वाचनमा आज मिति ................................ का दिन ................. बजे मतदान गर्ने कार्य समाप्त भएकोले मतदानको लागि प्रयोग गरिएको ............. वटा मतपेटिकाहरुको मतपत्र खसाल्ने प्वाल हामी तपसिलका मानिसहरुको रोहवरमा रीतपूर्वक बिर्को बन्द गरी .............. चिन्ह भएको लाहाछाप लागेको ठीक साँचो हो ।

| तपसिल | दस्तखत |
|---|---|
| १. श्री ......................................... वा निजको प्रतिनिधि श्री | ......................................... |
| २. श्री ......................................... वा निजको प्रतिनिधि श्री | ......................................... |
| ३. श्री ......................................... वा निजको प्रतिनिधि श्री | ......................................... |
| ४. श्री ......................................... वा निजको प्रतिनिधि श्री | ......................................... |
| ५. श्री ......................................... वा निजको प्रतिनिधि श्री | ......................................... |

मिति : ...........................................................

समय : ...........................................................

सही ......................................

निर्वाचन अधिकृत

......समाप्त.......